# सूर्यविनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कटुन्जे, भक्तपुर
बागमती प्रदेश, नेपाल


प.सं. : ०७७/७८
च.नं. : ४८९३

मिति : २०७७/१२/१७

श्री वडा कार्यालय (सबै)
सूर्यविनायक नगरपालिका, भक्तपुर ।

**विषय : निर्णय पठाइएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा श्री जिल्ला प्रशासन कार्यालय, भक्तपुरको प.सं. ०७७/०७८ च. नं ३३७१ मिति २०७७/१२/१७ को प्राप्त पत्र तथा निर्णय यसै पत्र साथ संलग्न छ । नेपालमा अग्रगामी लोकतन्त्रिक परिर्वतनका लागि भएका सबै आन्दोलन, शसस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतान्त्रिक योद्धा, द्वन्द्ध पीडित र विस्थापित अपाङ्गता भएको व्यक्ति, घाईते तथा पीडितको अभिलेख संकलनका लागि यसैसाथ संलग्न ढाँचा अनुसारको विवरण सात दिन भित्र उपलब्ध गराइदिने व्यवस्थाका लागि अनुरोध छ ।

.............................
सुरज पौडेल
सहायक निर्देशक

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
भक्तपुर

पत्र संख्याः- ०७७/७८
चलानी नं.:- ३३६९

मितिः २०७७।१२।१७

विषयः- निर्णय पठाइएको सम्बन्धमा ।

श्री चाँगुनारायण नगरपालिका, भक्तपुर ।
श्री मध्यपुर थिमि नगरपालिका, भक्तपुर ।
श्री सूर्यविनायक नगरपालिका, भक्तपुर ।
श्री भक्तपुर नगरपालिका, भक्तपुर ।

प्रस्तुत विषयमा मिति २०७७/१२/१६ गते प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णय यसै साथ सलग्न राखी पठाइएको छ । नेपालमा अग्रगामी लोकतन्त्रिक परिर्वतनका लागि भएका सबै आन्दोलन,शसस्त्र सघर्ष र क्रान्तिका कम्रमा जीवन उत्सर्ग गर्ने शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतान्त्रिक योद्धा , द्धन्द्ध पीडित र विस्थापित अपाङ्गता भएका व्यक्ति , घाईते तथा पीडितको अभिलेख संकलनका लागि यसैसाथ सलग्न ढाँचा अनुसारको विवरण सात दिन भित्र उपलब्ध गराइदिन आवश्यक समन्वय तथा सहजीकरणको लागि अनुरोध छ ।

१२।१८

मुकेश कुमार केशरी
सहायक प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी

श्री प्रशासन,
पत्र सहित web siteमा राख्नी।
१२।१८

वेभसाइट: daobhaktapur.moha.gov.np ईमेल: daobhaktapur@gmail.com ☎ ६६१४४३७, ६६१४८०१, ६६१०९०६ 📠६६१४६०७

आज मिति २०७७ चैत १६ गते सोमबारका दिन प्रमुख जिल्ला अधिकारी श्री प्रेम प्रसाद भट्टराईज्यूको अध्यक्षतामा जिल्ला लोकतन्त्रका योद्धा अभिलेखिकरण समितिको बैठक बसी निम्न अनुसारको निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | | | |
|---|---|---|---|
| १. प्र.जि.अ. श्री प्रेम प्रसाद भट्टराई | - | जिल्ला प्रशासन कार्यालय,भक्तपुर | - अध्यक्ष |
| २. श्री दिनेश न्यौपाने | - | चाँगुनारायण न.पा.१ | - सदस्य |
| ३. श्री टि.पी. उप्रेती | - | सूर्यविनायक न.पा.७ | - सदस्य |

<u>आमन्त्रीत</u>

स.प्र.जि.अ. श्री मुकेश कुमार केशरी- जिल्ला प्रशासन कार्यालय, भक्तपुर ।

निर्णय

१. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/१२/०५ को निर्णयानुसार प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा तीन सदस्यीय "जिल्ला लोकतन्त्रका योद्धा अभिलेखिकरण समिति २०७७" गठन भएकोमा समितिको तर्फबाट नेपाल सरकारलाई धन्यवाद ज्ञापन गर्ने ।

२. लोकतन्त्रका योद्धाहरुलाई पहिचान गर्ने र उनीहरुलाई पनि देश निर्माण प्रक्रियामा सकृय गराउन आवश्यक भएकोले उनीहलाई आत्मसम्मानको पहिचान र आफ्नो दैनिक जीवन समेत कष्टकर जीवन यापन गरिरहेको अवस्थामा भएको हुन सक्ने अवस्था भएबाट जीवन रुपान्तरणका विभिन्न कार्यक्रम समेत संचालन गर्न उपर्युक्त हुने हुँदा आवश्यक कार्यक्रम नेपाल सरकार समक्ष माग गर्ने ।

३. गृह मन्त्रालयको च.नं.१८२ मिति २०७७/१२/०८ गतेको पत्रबाट नेपालमा अग्रगामी लोकतन्त्रिक परिर्वतनका लागि भएका सबै जनआन्दोलन ,शसस्त्र सघर्ष र क्रान्तिका कम्रमा जीवन उत्सर्ग गर्ने शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतान्त्रिक योद्धा , द्वन्द्व पीडित र विस्थापित अपाङ्गता भएका व्यक्ति , घाईते तथा पीडितको अभिलेख संकलनका लागि प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा लोकतन्त्रका योद्धा अभिलेखिकरण तथा सम्मान समिति २०७७ गठन भएको र सो समितिले व्यक्तिहरुको विवरण तयार गर्ने कार्यदेश रहेकाले त्यस्ता व्यक्तिहरुको विवरण स्थानीय तह मार्फत माग गर्ने ।

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,

जिल्ला प्रशासन कार्यालय,

भक्तपुर ।

फोटो

विषयः- सिफारिस सम्बन्धमा ।

नामः-

जिल्लाः- स्थानीय तह वडा नं.

सम्पर्क नं.-

पारिवारिक विवरणः-

पेशाः-

मासिक आम्दानीः-

योगदानको साराशः-

थप पुष्टाईः-

<u>सलग्न कागजातः-</u>

१. स्थानीय तहको सिफारिस
२. तत्कालिन शान्तिले दिइएको सिफारिस(भएमा)
३. तत्कालिन अवस्थामा गराएको उपचार सम्बन्धी कागजात (भएमा)
४. अन्य